**रामजी यादव**
मन्त्री
युवा, श्रम तथा रोजगार मन्त्रालय
**Ramjee Yadav**
Minister
Ministry of Youth, Labour and Employment

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल ।
Singhadurbar, Kathmandu, Nepal
फोन नं.: ९७७-०१-४२११९५९
इमेल: minister@moless.gov.np
वेवसाईट: www.moless.gov.np

च.नं./Ref. No.:

## शुभकामना सन्देश ।

**"प्रविधिको सही प्रयोग र सजगताः मानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता"** भन्ने नाराका साथ आज मनाउन लागिएको **२०औं मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको** अवसरमा मानव बेचबिखन, श्रम शोषण तथा सबै प्रकारका दुर्व्यवहार अन्त्यका लागि क्रियाशील सम्पूर्ण व्यक्ति, संस्था तथा सरोकारवालाहरूमा हार्दिक सम्मान तथा ऐक्यबद्धता व्यक्त गर्दछु।

मानव बेचबिखन तथा ओसारपसार साथै बाध्याकारी श्रम मानव अधिकार, मर्यादित श्रम र सुरक्षित जीवनमाथिको गम्भीर अपराध हो । रोजगारी तथा वैदेशिक रोजगारीका अवसरको खोजीका सन्दर्भमा गैर-कानूनी व्यक्ति तथा संस्थामार्फत हुने भ्रमपूर्ण सूचना, रोजगारीको झुट्टो आश्वासन, श्रमिकहरुबाट अधिक सेवा शुल्क असुली, विभिन्न प्रकारका भिषाको गलत उपयोग साथै प्रविधि र सामाजिक सञ्जालमार्फत हुने ठगीका कारण नेपाली नागरिकहरू बेचबिखन, बाध्यकारी श्रम, आर्थिक शोषण तथा अन्य प्रकारका दुर्व्यवहारको जोखिममा पर्ने गरेका छन् । यस्ता जोखिम न्यूनीकरण गर्न सुरक्षित, व्यवस्थित र मर्यादित श्रम आप्रवासन सुनिश्चित गर्नु अत्यन्त आवश्यक छ।

यस वर्षको दिवसको मूल भावना **"प्रविधिको सही प्रयोग र सजगता"** लाई व्यवहारमा रूपान्तरण गर्दै युवा, श्रम तथा रोजगार मन्त्रालयले वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र उत्पादनमुखी बनाउन विभिन्न डिजिटल सेवा मार्फत यस क्षेत्रलाई थप मर्यादित र नागरिकमैत्री बनाउन लागि परिरहेको छ । देहाय बमोजिमका यस्ता सेवामार्फत मुख्य रुपमा नागरिकले रोजगारीको आधिकारिक माग तथा म्यानपावर कम्पनीको वैधता जाँच गर्न, अनलाइन श्रम स्वीकृतिका लागि आवेदन दिन, आफ्नो श्रम स्वीकृतिको अवस्था थाहा पाउन साथै आफू ठगीमा परेको अवस्थामा मुद्दा दर्ता गरी सो को अवस्थाबारे जानकारी लिन सक्नु हुनेछ ।

देहाय:

रोजगारीको माग तथा अवसर जाँच गर्नः https://foreignjob.dofe.gov.np/Home/Index
म्यानपावर कम्पनीको वैधता जाँच गर्नः https://foreignjob.dofe.gov.np/Home/RecruitmentAgency
श्रम स्वीकृतिका लागि अनलाइन आवेदन दिनः https://feims.dofe.gov.np/Common-Login.aspx
आफ्नो श्रम स्वीकृतिको अवस्था जाँच गर्नः https://foreignjob.dofe.gov.np/
उजुरी तथा मुद्दा व्यवस्थापन प्रणालीः https://ujuri.dofe.gov.np/login
**Operation Illegal Agent Clean-up :** https://oiacup.moless.gov.np/

तसर्थ, म यस **२०औं मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवसको** अवसरमा मानव बेचबिखन तथा श्रम शोषणबाट प्रभावित सम्पूर्ण व्यक्तिप्रति आदर व्यक्त गर्दै सुरक्षित, मर्यादित र शोषणमुक्त रोजगारी सुनिश्चित गर्न नेपाल सरकार प्रतिबद्ध छ भन्ने पुनः दोहोर्‍याउन चाहन्छु । मानव बेचबिखन तथा ओसारपसारमुक्त समाज निर्माण सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारमाध्यम, समुदाय, परिवार र प्रत्येक नागरिकको साझा जिम्मेवारी हो।

यस अभियानमा सबैको साथ, सहयोग, सजगता र सक्रिय सहभागिताका लागि हार्दिक आह्वान गर्दछु ।

भाद्र २०, २०८३
नेपाल सम्बत ११४६

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मन्त्री